# आर्थिक वर्ष २०७९।०८० को वार्षिक प्रगति प्रतिवेदन

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,गुल्मी

## १. पृष्ठभूमि

जिल्लामा शान्ति सुव्यवस्था एवं अमनचयन कायम गरी जिल्लाको प्रशासन सञ्चालन गर्नको लागि स्थानीय प्रशासन ऐन, २०२८ मा व्यवस्था भए अनुरुप प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालयको स्थापना गरिएको छ । नेपाल सरकार गृह मन्त्रालयले सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा काम गर्ने गरी एक जना प्रमुख जिल्ला अधिकारीको नियुक्त गरी पदस्थापन गर्ने गर्दछ । प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून, नेपाल सरकारको नीती, निर्देशन तथा गृह मन्त्रालयको रेखदेखमा रही नेपाल सरकारको प्रतिनीधिको रुपमा जिल्लामा काम गर्दछ ।

गुल्मी जिल्लामा २ वटा नगरपालिका र १० गाउँपालिका गरी १२ वटा स्थानीय तहहरु रहेका छन् भने यस अन्तर्गत ९३ वटा वडा कार्यालयहरु रहेका छन् । नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत रहेको यस कार्यालयले मुलतः जिल्लामा शान्ति सुरक्षा, सुव्यवस्था, नागरिकता र राहदानी वितरण, विपद् व्यवस्थापन लगायत जिल्लाका विभिन्न कार्यालयहरुबीच संस्थागत समन्वय गर्दै, विकास निर्माणको अनुगमन र सार्वजनिक अपराध सम्बन्धी मुद्धाहरु कारवाही र किनारा लगाउने समेतका कार्य गर्दै आइरहेको छ । यस जिल्लाका करिब ३ लाख जनतामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सार्वजनिक सेवा वितरण (Public Service Delivery) लाई प्रभावकारी वनाई सुशासनको प्रत्याभूतिगर्ने समेतका कार्यहरु गर्दछ ।

## २ जिल्लाको परिचय

लुम्बिनी प्रदेशका १२ जिल्लामध्येको गुल्मी जिल्ला सो प्रदेशको उत्तरी सिमानामा अवस्थित रहेको छ । संस्कृत भाषामा सैनिक वा पल्टन भएको ठाउँलाई गुल्म भनिने र सामरिक महत्व बोकेको हालको गुल्मी क्षेत्रमा पनि लिच्छविकाल र मध्यकालमा सैनिक छाउनी रहने भएकोले यसलाई गुल्मी भनी नामकरण गरिएको हो भन्ने भनाइ रहेको छ । लिच्छवीकालमा यो ठाउँ, गढी गुल्म गण्डकी नदीको छेउको छाउनी भनिन्थ्यो । यहाँ गुल्मी चारपाला भन्ने ठाउँ पनि छ । जसलाई गुल्मीकोट पनि भनिन्थ्यो । यसैका आधारमा यस जिल्लाको नाम गुल्मी रहेको हो भन्ने भनाइ पनि पाइन्छ । जिल्लाको जनसंख्या २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार २,४६,४९४ जसअनुसार ४५.४ प्रतिशत पुरुष तथा ५४.६ प्रतिशत महिला रहेका छन् । यहाँका प्रमुख जातीहरुमा ब्राह्मण, क्षेत्री, मगर, नेवार आदि पर्दछन् । यिनीहरुले मुख्य भाषाको रुपमा नेपाली भाषा बोल्दछन् भने केही जातिहरुले आफ्नो मातृभाषा पनि बोल्ने गरेको पाइन्छ । यहाँका मानिसहरु मूख्यतः खेतीपाती, नोकरी, व्यापार तथा वैदेशिक रोजगारमा संलग्न भएको पाइन्छ जिल्लाको जातीय तथा जनसङ्ख्यासम्बन्धी विवरण निम्नअनुसार रहेको छ (जनगणना २०७८ अनुसार प्रतिशतमा) ।

कुल जनसंख्या - २,४६,४९४ (पुरुष - ४५.४ प्रतिशत महिला ५४.६ प्रतिशत)

जनसंख्या वृद्धिदर - -१.२३ प्रतिशत

घरधुरी संख्या- ६६१२५

जनघनत्व प्रति वर्ग कि.मि - २१५ अपाङ्गता- ३.२ प्रतिशत

## ३. गुल्मी जिल्लाको स्थानीय तहअनुसारको नक्सा तथा स्थानीय तहहरु




## ४. गुल्मी जिल्लाका स्थानीय तहहरु

गुल्मी जिल्लामा जम्मा १२ वटा स्थानीय तहहरु जुन निम्नानुसार रहेका छन् ।

१. रेसुङ्गा नगरपालिका

२. मुसिकोट नगरपालिका

३. मदाने गाउँपालिका

४. मालिका गाउँपालिका

५. इश्मा गाउँपालिका

६. धुर्कोट गाउँपालिका

७. गुल्मीदरवार गाउँपालिका

८. छत्रकोट गाउँपालिका

९. रुरुक्षेत्र गाउँपालिका

१०. सत्यवती गाउँपालिका

११. कालिगण्डकी गाउँपालिका

१२. चन्द्रकोट गाउँपालिका

## ५.कार्यालयको परिचय

जिल्लामा शान्ति सुव्यवस्था एवं अमनचयन कायम गरी जिल्लाको प्रशासन सञ्चालन गर्नको लागि स्थानीय प्रशासन ऐन, २०२८ मा व्यवस्था भए अनुरुप प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालयको स्थापना गरिएको छ । नेपाल सरकार गृह मन्त्रालयले सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा काम गर्ने गरी एक जना प्रमुख जिल्ला अधिकारीको नियुक्त गरी पदस्थापन गर्ने गर्दछ । प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून, नेपाल सरकारको नीति, निर्देशन तथा गृह मन्त्रालयको रेखदेखमा रही नेपाल सरकारको प्रतिनीधिको रुपमा जिल्लामा काम गर्दछ ।

गुल्मी जिल्लामा २ वटा नगरपालिका र १० गाउँपालिका गरी १२ वटा स्थानीय तहहरु रहेका छन् भने यस अन्तर्गत ९३ वटा वडा कार्यालयहरु रहेका छन् । नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत रहेको यस कार्यालयले मुलतः जिल्लामा शान्ति सुरक्षा, सुव्यवस्था, नागरिकता र राहदानी वितरण, विपद् व्यवस्थापन लगायत जिल्लाका विभिन्न कार्यालयहरुबीच संस्थागत समन्वय गर्दै, विकास निर्माणको अनुगमन र सार्वजनिक अपराध सम्बन्धी मुद्धाहरु कारवाही र किनारा लगाउने समेतका कार्य गर्दै आइरहेको छ । यस जिल्लाका करिब ३ लाख जनतामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सार्वजनिक सेवा वितरण (PUBLIC SERVICE DELIVERY) लाई प्रभावकारी वनाई सुशासनको प्रत्याभूतिगर्ने समेतका कार्यहरु गर्दछ ।

## ६. जिल्ला प्रशासन कार्यालय गुल्मीले गर्ने मुख्य मुख्य कार्यहरु

### क. शान्ति सुरक्षाको व्यवस्थापन सम्बन्धी कार्य

- केन्द्रीय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गर्ने ।
- जिल्ला सुरक्षा योजना तर्जुमा गर्ने ।
- अपराध नियन्त्रणलाई प्रभावकारी बनाउने ।
- दण्डहिनताको अन्त्य गर्ने ।
- सार्वजनिक यातायातमा अवरोध हुन नदिने ।
- सूचना व्यवस्थापनलाई प्रभावकारी बनाउने ।
- सबै सुरक्षा निकाय बीच प्रभावकारी समन्वय गर्ने ।
- कानूनको दृढतापूर्वक कार्यान्वयन गर्ने

## ख. स्थानीय प्रशासन सम्बन्धी कार्य

- कर्मचारीको अभिलेखन व्यवस्थापन तथा अद्यावधिक गर्ने ।
- कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने ।
- संघ-संस्था दर्ता, नवीकरण, विधान संशोधन, शाखा खोल्ने अनुमति दिने तथा नियमन गर्ने ।
- हातहतियार ईजाजत, नवीकरण, स्वामित्व हस्तान्तरण सम्बन्धी कार्य गर्ने ।
- विष्फोटक पदार्थ प्रयोगको ईजाजत, नवीकरण र स्वामित्व हस्तान्तरण गर्ने ।
- सार्वजनिक सम्पतिको अभिलेख व्यवस्थापन तथा संरक्षण गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रत्यायोजित अधिकार एंव निर्देशन बमोजिम भ्रष्टचारको उजुरीमा प्रारम्भिक अनुसन्धान गरी पेश गर्ने ।
- ठाडो उजुरी तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- नाम, थर उमेर आदी प्रमाणित गर्ने ।
- नावालकको उमेर प्रमाणित गर्ने ।
- पारिवारिक पेन्सन पत्र तथा रहलपहल सम्बन्धी काम गर्ने ।
- दलित, आदिवासी, जनजाति प्रमाणित गर्ने ।
- पारिवारिक विवरण प्रमाणित गर्ने।
- नाता प्रमाणित गर्ने ।
- विविध कार्य गर्ने।

## ग.नागरिकता सम्बन्धी सेवा

- वंशजको आधारमा नागरिकताको प्रमाणपत्र वितरण ।
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाणपत्र वितरण ।
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण ।
- थर, जन्ममिति संशोधन ।

## घ. राहदानी सम्बन्धी सेवा

- राहदानी फाराम संकलन गर्ने ।
- राहदानी द्रुत सेवा अभिलेख प्रमाणित गर्ने।
- राहदानी वितरण गर्ने।
- MRP को विवरण संशोधन गर्ने।

## ङ विपद् व्यवस्थापन सम्बन्धी सेवा

- जिल्ला विपद व्यवस्थापन समितिको वैठक व्यवस्थापन गर्ने।
- विपद् सम्बन्धी कार्ययोजना निर्माण तथा लागु गर्ने।
- विपद् न्यूनीकरणका लागि तयारी गर्ने।
- विपद् भएको क्षति विवरण संकलन गर्ने।
- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनस्थापना गर्ने ।

## च. अर्धन्यायिक कार्य

- प्रचलित कानुन बमोजिम अर्धन्यायिक निकायको रुपमा न्यायिक कार्य गर्ने ।
- विशेष ऐनमा मुद्दा हेर्ने अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी बाट तोकिएका कसुरहरुमा सुरु कारवाही तथा न्यायिक निर्णय गर्ने ।
- सार्वजनिक शान्ति विरुद्धको कसुरहरुको सुरु कारवाही तथा न्यायिक निर्णय गर्ने ।
- जिल्लाका विकास सम्बन्धी गतिविधीहरुको अनुगमन, अवलोकन, निरीक्षण तथा आएका समस्याहरुको समधान गर्ने ।
-

## छ .बजार अनुगमन तथा उपभोक्ता हित सम्बन्धी कार्य

- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्ति,पहुँच र गुणस्तर सुनिश्चित गर्नका लागी बजार अनुमगन तथा निरीक्षण गर्ने ।
- उपभोक्ता हित संरक्षणको लागि सचेतीकरण गर्ने ।
- उपभोक्ता हित सम्बन्धी कार्य गर्ने ।

## ज.लागु औषध नियन्त्रण सम्बन्धी कार्य

- लागु औषध तथा मदिराको पूर्ण रुपमा निरुत्साहित गरी समाजलाई स्वच्छ, स्वस्थ, सदाचारी र नैतिकवान बनाउने अभियानको रुपमा लागुऔषध विरुद्ध सचेतना अभियान सचेतना सञ्चालन गर्ने गराउने ।

लागु औषध सम्बन्धमा लागु भएका ऐन, कानून तथा कार्यविधीको पूर्ण रुपमा कार्यान्वयन गर्ने गराउने ।

## झ.अन्य कार्यहरु

- संघीय, प्रादेशिक र स्थानीय तहका सरकारहरुवीच समन्वय गर्ने ।
- प्रत्येक आर्थिक वर्षका निमित्त कानुन बमोजिम जिल्ला दररेट निर्धारण सम्बन्धी कार्य गर्ने
- जिल्ला स्तरीय कार्यालयहरुको अनुगमन तथा निरीक्षण गर्ने ।

- विकास निर्माणका कार्यहरुमा सहयोग र सहजीकरण गर्ने ।
- सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।
- जिल्ला स्थित सबै सरकारी कार्यालयहरुमा सुशासन कायम गर्ने तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने सम्बन्धमा सहयोग समन्वय र अनुगमन गर्ने ।
- नेपाल सरकार, गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय लगायत सम्बन्धीत निकायबाट हुने निर्णय एंव निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

## ७.जिल्ला प्रशासन कार्यालय गुल्मीको काम, कर्तव्य र अधिकार

स्थानीय प्रशासन ऐन २०२८ लगायतका अन्य ऐन, तथा कानुनले तोकेबमोजिम जिल्ला प्रशासन कार्यालयले सम्पादन गर्ने मुख्य मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन् ।

- जिल्लाको समग्र शान्ति सुरक्षाको व्यवस्थापन
- नागरिकताको वितरण र अभिलेख व्यवस्थापन
- राहदानी फारम संकलन र वितरण
- सवारी साधन संचालन सम्बन्धी कानूनको कार्यान्वयन
- गैरसरकारी संघ संस्था दर्ता र नवीकरण
- स्थानीय प्रशासनको सञ्चालन ।
- भ्रष्ट्राचार नियन्त्रण
- कार्यालय निरीक्षण तथा अनुगमन
- चिठ्ठा जुवा आदिको नियन्त्रण ।
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण ।
- विपद् व्यवस्थापन ।
- मुआब्जा निर्धारण तथा वितरण ।
- पुरस्कार तथा पदक सम्बन्धी सिफारिस ।
- जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पतिको रेखदेख, संभार र मर्मत गर्ने, गराउने ।
- राहदानी वितरण ।
- लागु औषध नियन्त्रण र प्रशासन ।
- जिल्ला स्थित कारागारको अनुगमन, नियमन र नियन्त्रण ।
- द्धन्द प्रभावितको पहिचान तथा राहत वितरण ।
- निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको निर्देशन कार्यान्वयन ।
- जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग ।

- राष्ट्रिय अनसुन्धानसँगको समन्वय, सूचना संकलन र विश्लेषण ।
- जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग ।
- कानून बमोजिम तोकिएअनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने ।
- सरकारी वा सार्वजनिक जग्गामा घर बनाएमा रोक्का गर्ने र भत्काउने ।
- जिल्ला भित्रको सार्वजनिक पार्टी, पौवा, धारा, कुवा सत्तल मन्दिर र धर्मशाला आदीको लगत राख्ने ।
- नेपाल सरकार र गृह मन्त्रालयबाट निर्देशित कार्यहरु ।

## ८.आ.व. २०७९/८० मा सम्पादित मुख्य मुख्य कार्यहरु

### ८.१ दैनिक सेवा प्रवाह सम्बन्धी

क. यस कार्यालयबाट प्रदान भएको सेवाको संख्यात्मक विवरण

| सि.नं | सम्पादित प्रमुख कार्यहरु | आ.व. २०७९/८० को कार्यसम्पादन | कैफियत |
|---|---|---|---|
| १. | नागरिकता विवरण | | |
| | क. वशंज | १०३६७ | |
| | ख. बैवाहिक अंगिकृत | १५ | |
| | ग तअंगिकृ | - | |
| | घ. प्रतिलिपि नागरिकता वितरण | ६४५१ | |
| | ङ नागरिकता परित्याग | - | |
| | च नागरिकता रद्द | १२ | |
| | छ नावालक परिचय पत्र | ५७९ | |
| २. | राष्ट्रिय परिचय पत्र | | |
| | क विवरण दर्ता | १८१८३ | |
| | ख परिचय पत्र वितरण | ७२५ | |
| ३ | राहदानी (सिफारिस र वितरण) | | |
| | क सामान्य सिफारिस संख्या . | १५०८६ | |
| | ख दुर्त सेवा सिफारिस संख्या | - | |
| | जम्मा सिफारिस संख्या : | १५०८६ | |
| | जम्मा राहदानी वितरण संख्या : | १३४२७ | |
| ४ | मुद्धा सम्बन्धी विवरण | | |
| | क अभद्र व्यवहार दर्ता | १५ | |
| | फछ्यौंट | १२ | |
| | ख भ्ष्ट्राचार जन्य | - | |
| | ग क्षतिपुर्ती सवारी ज्यान | २ | |
| | घ सार्वजनिक शान्ती विरुद्धको कसुर | ३ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुल्मी

| सि.नं | सम्पादित प्रमुख कार्यहरु | आ.व. २०७९/८० को कार्यसम्पादन | कैफियत |
|---|---|---|---|
| | ङ जुवा मुद्दा | १ | |
| | च मादक पदार्थ सेवन | १२ | |
| | छ ठाडो उजुरी | २९ | |
| | जम्मा मुद्दा दर्ता संख्या : | ६२ | |
| | जम्मा मुद्दा फर्छ्यौट संख्या | ५९ | |
| ५ | दलित प्रमाणित | ३६२ | |
| ६ | जनजाती प्रमाणित | ४९७ | |
| ७ | पेन्सन सम्बन्धी कागजात प्रमाणित | १३८० | |
| ८ | अन्य प्रमाणित | ६९५ | |
| ९ | पत्रपत्रिका दर्ता | - | |
| १० | संघ संस्था दर्ता | १३ | |
| ११ | संघ संस्था नवीकरण | १४० | |
| १२ | हातहतियार नवीकरण | १५ | |
| १३ | हातहतियार नामसारी | - | |
| १६ | सहायता कक्षबाट सेवा लिने संख्या | ५०९३ | |
| १७ | सामाजिक संजाल अध्यावधिक पटक | १८१ | |
| १८ | कार्यालयको वेवसाईट अध्यावधिक पटक | १४४ | |
| १९ | अभिलेख प्रमाणित | २९७२ | |
| २० | CCTV जडान सम्बन्धी | - | |
| २१ | ड्रोन उडान अनुमति दिएको | ३ | |

## ख. यस कार्यालयको राजश्व सम्बन्धी विवरण

| विवरण | आ.व.२०७९/८० को कार्यसम्पादन | कैफियत |
|---|---|---|
| राहदानी वापत | ७,३१,९०,०००।- | |
| संघ संस्था दर्ता वापत | ३,०४,०००।- | |
| संघ संस्था नवीकरण | | |
| हातहतियार नवीकरण | ५५,०००।- | |
| प्रशासनीक दण्ड जरिवाना | १,४३,०००।- | |
| परिक्षा शुल्क | ७००।- | |
| अन्य प्रशासनिक सेवा | ७०००।- | |
| धरौटी सदस्याहा | १,१९,०००।- | |
| पत्रपत्रिका दर्ता | - | |
| जम्मा | ७,३८,१८,७००।- | |

## ङ.राहत वितरण सम्बन्धी विवरण

| सि.नं. | शिर्षक | संख्या | राहत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गृह मन्त्रालय विपद् व्यवस्थापन कोष | ३४ | १९,४०,०००।- | |
| २ | आन्तरिक मामिला कानून तथा सहकारी मन्त्रालय विपद् व्यवस्थापन कोष | १८ | ११,८८,५००।- | |
| ३ | कोभिड मृतक परिवारलाई राहत | १६० | १,६०,०००। | |

## च मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनस्थापना अनुदान वितरण

| सि.नं. | शिर्षक | संख्या | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पहिलो किस्ता | १८८ | ३५,००० | ६५,८०,०००।- | |
| २ | दोस्रो किस्ता | १३७ | १,४०,००० | १,९१,८०,००० | |
| ३ | अन्तिम किस्ता | ३३ | २,२५,००० | ७४,२५,०००।- | |

## ८.२ जिल्लामा शान्ति सुरक्षा कायम गर्न गरिएका कार्यहरु

- जिल्ला सुरक्षा समितिको बैठक

जिल्लामा शान्ति सुरक्षा व्यवस्था कायम गर्न, आपराधिक गतिविधीहरु हुन नदिन, चाडपर्व विशेष सुरक्षा व्यवस्था कायम गर्न, निषेधित वस्तु, सेवा तथा क्रियाकलापलाई रोकथाम गर्न यस आ.व.मा जिल्ला सुरक्षा समितिका ३३ वटा बैठकहरु सम्पन्न भएका छन् ।

## स्थानीय तहमा अपराध न्यूनीकरण सम्बन्धी कार्यक्रम

समाजमा घट्न सक्ने विभिन्न अपराधिक गतिविधीहरु, लागुऔषधको अवैध ओसारपसार, शान्ति सुरक्षा भंग हुने हिंसात्मक गतिविधीहरु, समाजिक कुरिती, कु-प्रथा, बाल विवाह, बहु-विवाह, जातिय भेदभाव को रोकथाम, नियन्त्रण तथा विकासात्मक गतिविधी, विपद् व्यवस्थापन,योजनाको कार्यान्वयन सम्बन्धमा सरोकारवालासँग छलफल तथा अन्तर्क्रिया गरिएको छ । यस क्रममा उल्लेखित विषयबस्तुहरुमा देखिएका समस्याहरुको सम्बन्धीत पक्ष सँगको समन्वयमा समाधान गरिएको छ ।

-सीमाक्षेत्रमा हुने अपराध नियन्त्रणका लागि अन्तरक्रिया कार्यक्रम

सीमाक्षेत्रमा हुन सक्ने सम्भावित अपराधको नियन्त्रणका लागि यस जिल्लाको पहलमा विभिन्न समयमा पाल्पा, स्याङ्जा, पर्वत, बागलुङ, अर्घाखाँची र प्यूठान जिल्लाका जिल्ला सुरक्षा समिति तथा नागरिक समाज, स्थानीय जनप्रतिनिधी, सीमाक्षेत्रका नागरिकहरुको उपस्थिति समेत रहने गरी सुरक्षा समन्वय बैठक बसिएको ।

-चाडपर्व लक्षित सुरक्षा योजना

यस जिल्लामा मनाईने दशैं, तिहार, चैतेदशै, तिज, जनैपूर्णिमा, माघे संक्रान्ति,साउने एकादशी लगायतका चाडपर्वमा हुन सक्ने लुटपाट, हत्याहिंसा, चोरीडकैती, झै-झगडा लगायतका अपराधिक गतिविधीलाई नियन्त्रण गर्न जिल्ला सुरक्षा समितिबाट चाडपर्व लक्षित सुरक्षा योजना बनाई नियमित रुपमा गस्ती, सुचना प्रवाह, अनुगमन जस्ता सुरक्षा योजनाको कार्यान्वयन गरिएको छ ।

-राजमार्गमा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधी सम्बन्धी कार्ययोजना निर्माण

राजमार्ग वा सडकमा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहिको सम्बन्धमा बैठक बसी कार्यविधी सम्बन्धी कार्ययोजना, २०७९ जारी गरिएको छ । सो योजना अनुसार राजमार्ग अवरोधका सम्भावित क्षेत्रहरुको पहिचान गरी सो क्षेत्रमा हुने सुरक्षा अवरोध हटाउन आवश्यक जनशक्ति खटाउने, सामग्रीहरुको उपलब्धता गराउने, लगायतका कार्यहरु गरिएको छ ।

- सामुदायिक साझेदारी कार्यक्रम

जिल्ला अन्तर्गत स्थानीयस्तरका समुदायहरु सँगको समन्वयमा शान्ति सुरक्षा तथा अपराध न्यूनीकरणका लागि विद्यमान ऐन कानुन/संहिता/हरुको मुख्य मुख्य व्यवस्थाहरुको सचेतनाका लागि समुदाय प्रहरी साझेदारी मार्फत कार्यक्रम सम्पन्न गरिएको छ ।

## अन्तर जिल्ला समन्वय वैठक

यस जिल्लासँग सीमाना जोडिएका ६ वटा जिल्लामध्ये पर्वत,वाग्लुङ्ग,प्यूठान,अर्घाखाँची, स्याङ्गजा, पाल्पाका सबै सुरक्षा समितिका प्रमुखहरु सम्मिलित अन्तर जिल्ला सुरक्षा समन्वय वैठक सम्पन्न भएको छ ।शान्ति सुरक्षा तथा अपराध न्यूनीकरण, विपद् व्यवस्थापन, विकास व्यवस्थान, प्राकृतिक स्रोत साधनको संरक्षण लगायतका विषयमा असल अभ्यासहरुको आदान प्रदान तथा उल्लेखित विषयहरुमा सूचना आदान प्रदान गर्ने तथा समन्वयात्मक रुपमा समस्याको समाधान गरी अन्तर जिल्ला सुरक्षा व्यवस्थालाई सुदृढ तथा प्रभावकारी वनाउने विषयमा निर्णयहरु भएका छन।

-उजुरी तथा गुनासो सम्बोधन

कार्यालयमा परेका ठाडो तथा मौखिक उजुरी तथा गुनासो फर्छ्यौट गरिएको छ ।पर्न आएका उजुरी तथा गुनासो सम्बन्धमा सम्बन्धीत निकायलाई लेखी पठाउने, सम्बन्धीत व्यक्तिलाई झिकाई मेलमिलाप गराउने, फर्छ्यौट गर्न लगाउने, क्षतिपुर्ति गराउने कार्य गरिएको छ ।

## ८.३ सुशासन प्रर्वद्धनका लागि गरिएका कार्यहरु


### क. कार्यालयको आन्तरिक व्यवस्थापन

### कार्यालयको सरसफाई तथा सजावट

जिल्ला स्थित सम्पुर्ण कार्यालयहरुलाई आफ्नो कार्यालय परिसर सफा, स्वच्छ तथा वातावरणमैत्री राख्न निर्देशन गरिएको छ ।यस जिल्ला प्रशासन कार्यालय गुल्मीको परिसरमा बाह्रै महिना फुलहरु फुल्ने गरी विभिन्न प्रजातिका फुलका विरुवाहरु रोपिएको छ भने नियमित रुपमा कार्यालयको परिसर, कार्यालयको सरसफाई गर्ने गरिएको छ । सेवाग्राहीको दैनिक भिडभाड हुने कार्यालका प्रत्येक कार्यकक्ष, प्रत्येक फ्ल्याट तथा परिसरमा डस्टविनको व्यवस्था गरिएको छ


### -सहायता कक्षको व्यवस्था


कार्यालयमा आउने सेवाग्राहीलाई सेवा प्राप्त गर्न समस्या नहोस भन्ने हेतुले सहायता कक्षको व्यवस्था गरिएको छ । यस कक्षबाट सेवाग्राहीहरुलाई निशुल्क निवेदन उपलब्ध गराउने, सेवा प्राप्त गर्ने सम्बन्धीत फाँट तथा जिम्मेवार अधिकारीको वारेमा जानकारी गराउने, कागजात रुजु गरिदिने जस्ता कार्यहरु गरिएको छ ।



## सुशासन ऐन २०६४ को दफा १३ र नियमावली २०६५ को नियम ६ अनुसारका कामहरु

- जिल्ला प्रशासन कार्यालयको दैनिक कार्य सञ्चालन, सुपरीवेक्षण तथा नियन्त्रण सम्बन्धमा दैनिक रुपमा सबै फाँटमा पुगि अनुगमन सुपरीवेक्षण गरी आवश्यक निर्देशन तथा सहजीकरण गरिएको
- कार्यालयबाट प्रदान हुने नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, नाबालक परिचयपत्र र प्रमाणित जस्ता सेवामा टाइम कार्ड सहितको टोकन प्रणाली लागु गरिएको ।


निशुल्क राहदानी आवेदन
टोकन/टाइम कार्ड नं -२
मितिः २०८०/०३/२५
सेवाको अनुमानित समय ११:०७ बजे
- ६ नं झ्यालमा गई नागरिकता रुजू गर्ने
- बैंक काउन्टरमा गई राजश्व बुझाउने


निशुल्क राहदानी आवेदन
टोकन/टाइम कार्ड नं -१३
मितिः २०८०/०३/२५
सेवाको अनुमानित समय १२:१७ बजे
- ६ नं झ्यालमा गई नागरिकता रुजू गर्ने
- बैंक काउन्टरमा गई राजश्व बुझाउने

### ज्येष्ठ नागरिक एंव अपाङ्गमैत्री सेवा प्रवाह

कार्यालयमा सेवा लिन आउने ज्येष्ठ नागरिक तथा विभिन्न किसिमका अपाङ्गता भएका सेवाग्राहीहरुलाई पहिलो प्राथमिकतामा राखी सेवा प्रवाह गर्ने गरिएको छ । अपांगताको कारणले सेवा लिन गाह्रो भएमा गेट सम्म पुगी फाराम भरी सेवा दिने गरिएको र अपांगता वा अन्य समस्याले कुनै पनि व्यक्ति नागरिकता प्राप्त गर्नको लागि जिल्ला प्रशासन कार्यालयसम्मको पहुँच नपुगेको सूचना पाएमा त्यस्ता व्यक्तिलाई घरमै गएर नागरिकता प्रदान गर्ने गरिएको छ ।

### बिचौलियाहरुलाई कार्यालय प्रवेश निषेध

विभिन्न किसिमका विचौलिया मार्फत सेवाग्राहीहरु मर्कामा परेको कारण कार्यालय परिसरमा त्यस्ता विचौलियाहरुलाई प्रवेश निषेध गरी सेवाग्राहीहरुलाई आफ्नो काम आफै गराउन आउन प्रेरित गरी सहायता कक्षको व्यवस्था गरिदै आएको छ । फाराम भर्न नसक्ने सेवा ग्राहीको लागि निवेदन लेख्ने तथा फारामहरु भर्ने व्यवस्था गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय

## ख.कार्यालय प्रमुखहरुको बैठक /कार्यालय अनुगमन तथा निरीक्षण

- प्रत्येक महिना कार्यालय प्रमुखहरुको बैठक राखि सबै कार्यालयको कामकारवाहीहरु, विकास आयोजनाहरुको प्रगति विवरण माग गर्ने, समिक्षा गर्ने, समस्या समाधानका लागि मार्गनिर्देशन गर्ने र केही आयोजनाहरुमा स्थलगत निरीक्षण समेत गर्ने गरिएको ।
- जिल्लास्थित सरकारी कार्यालयको काम कारवाहीहरु प्रभावकारी गराउन, अनियमितता हुन नदिने नियमित रुपमा छडके निरीक्षण गर्ने, निरीक्षणका क्रममा नियम विपरित गरेको पाइएमा सम्बन्धित कर्मचारीहरुलाई स्पष्टीकरण समेत सोधिएको ।
- विकासका आयोजनाहरुको समयमै सम्पन्न गराउन, देखा परेका कमिकजोरी हटाउन विकास निर्माणसँग सम्बन्धित कार्यालय, निर्माण व्यवसायी र सरोकारवाला निकायहरुबीच समन्वय बैठक गरिएको ।

महत्वपूर्ण सडक अन्तर्गत चन्द्रकोट पहुँच मार्ग चोरकाटे शान्तिपुर मोटरबाटो स्तरोन्नती संगै पीचको कामको अनुगमन, सडकको शुरुमै भएको पहिरोको भागमा थप काम गर्ने , समयमै चोरकाटेको पुल निर्माण कार्य सम्पन्न गर्ने र केहि दिन वैकल्पिक सडक प्रयोग गर्ने बिषयमा सरोकारवाला सङ्ग छलफल।



हरि प्रसाद गैरे
सहायक प्रमुख जिल्ला अधिकारी


- गृह मन्त्रालय मातहतका जिल्ला प्रहरी कार्यालय र सो अन्तर्गतका प्रहरी इकाईहरु, कारागार कार्यालयको नियमित अनुगमन र निरीक्षण गरिएको । निर्माणाधिन कारागारको भवन, जिल्ला प्रहरी कार्यालयका भवनहरु समयमै सम्पन्न गर्न सहजीकरण गरिएको ।




हरि प्रसाद गैरे
सहायक प्रमुख जिल्ला अधिकारी

ग.बजार अनुगमन

- कालबजारी, कृत्रिम अभाव जस्ता उपभोक्ता हित विपरितका गतिविधि नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, घरेलु तथा साना उद्योग विकास कार्यालय, सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायहरुसँगको सहकार्यमा संयुक्त रुपमा बजार अनुगमन गरिएको



- जिल्ला प्रशासन कार्यालय सम्म आउन नसक्ने अपाङ्ग सेवाग्राहीलाई निजको घरमै पुगि नागरिकता वितरण गर्ने गरिएको । सदरमुकाम आएका कार्यालय भित्र आउन नसक्ने नागरिकतालाई गाडिमै पुगेर सेवा दिने गरिएको ।




हरि प्रसाद भैरे
सहायक प्रमुख जिल्ला अधिकारी

## घ.सुचना अधिकारीहरुको बैठक

सुचनाको हक सम्बन्धी ऐन,२०६४ तथा नियमावली २०६५ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ नियमावली २०६५ बमोजिम सुचनाको हकको प्रभावकारी कार्यान्वयन गरी जिल्ला स्थित सबै सरकारी कार्यालयहरुबाट सुशासन प्रवद्धन गर्न सबै सूचना अधिकारीहरुको बैठक बसी नियमित रुपमा कार्यालयका सूचनाहरु आदान प्रदान गर्ने गरिएको छ । यस आर्थिक बर्षमा सूचना को व्यवस्था, वेवसाईट अद्यावधिक, सूचनाको प्रवाह सम्बन्धमा निगरानी बढाईएको छ ।

सूचना अधिकारी नतोकिएको सबै कार्यालयलाई सूचना अधिकारी तोक्न लगाई सबै सूचना अधिकारीको सम्पर्क नं जिल्ला प्रशासन कार्यालयमा सबै सेवाग्राहीले देख्ने गरी राखिएको ।

## ङ स्थानीय तहका प्रमुख एंव प्रमुख प्रशासकीय अधिकृतसँग समन्वयात्मक बैठक

स्थानीय प्रशासन र स्थानीय तहहरु बिच एक आपसमा समन्वय, सह-अस्तित्व, सहकार्यको सहयोगी भई शान्ति सुरक्षा, विकास निर्माण लगायत सुशासन कायम गर्नका लागि स्थानीय तहका प्रमुख एंव प्रमुख प्रशासकीय अधिकृतसँग समन्वयात्मक बैठक बस्ने गरिएको छ । जिल्ला भित्र विकास निर्माण लगायत विकाससँग सम्बन्धीत कार्यहरु निर्धारित समयमानै सम्पन्न गर्न गराउन, प्रचलित कानून अनूरुप लेखा राख्न, विपद् व्यवस्थापनमा स्थानीय तहले वनाउनु पर्ने कानून नीति मापदण्ड तयार गर्न स्थानीय तहवाट प्रवाह हुने सेवालाई प्रभावकारी वनाई नागरिकले सुशासनको प्रत्यक्ष अनुभूति प्राप्त गर्न, जनचासोसँग सम्बन्धीत विषयहरुको सम्बोधन गर्ने सम्बन्धका विषयहरु बैठकमा छलफल गर्ने गरिएको छ ।

## च.कर्मचारीको नियमित बैठक र उत्कृष्ठ कर्मचारी सम्मान

यस कार्यालयका कर्मचारीहरुको मासिक रुपमा बैठक बसी प्रत्येक शाखाको कार्य विवरणमा तोकिएका जिम्मेवारीहरु त्रुटिरहित रुपमा पुरा गर्ने, सेवा प्रवाहलाई गुनासो रहित, चुस्तदुरुस्त, शीघ्र, प्रभावकारी, नियमित, मितव्ययी, अनुशासनको पालना, कार्यालयको सरसफाई लगायतका विषयहरुमा निर्णय गरी पुर्ण कार्यान्वयमा ल्याईएको छ ।

- कार्यालयका कर्मचारीहरुको मनोवल अभिवृद्धि गर्ने, देखापरेका समस्या एवं कठिनाइहरुको समाधान गर्न, सम्पादित कामको गुणस्तर अभिवृद्धि गर्न प्रत्येक महिना कर्मचारी बैठक राख्ने, त्रैमासिक रुपमा एक जना कर्मचारीलाई उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत गर्ने गरिएको ।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुल्मी

## ८.४ अन्य कार्यहरु

- संघ, प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी विकास आयोजना सञ्चालनमा सहजीकरण गरिएको।
- विकास निर्माण लगायत अन्य आयोजनाहरुको स्थलगत अनुगमन सम्पन्न गरी आवश्यकता अनुसार निर्देशन दिईएको ।
- विद्युतीय राहदानीको लागि भर्नुपर्ने प्रि-इनरोलमेन्ट फाराम निःशुल्क भरिदिने व्यवस्था गरेको ।

## ८.५ विपद व्यवस्थापन सम्बन्धी

क. जिल्ला आपतकालीन कार्यसञ्चालन DEOC को संचालन र सुदृढीकरण

- विपद व्यवस्थापनको लागि २४ घण्टा भित्र उद्धार र ७२ घण्टाभित्र राहत दिने निति अनुरुप कार्य गरिएको । जिल्ला आपतकालिन कार्य संचालन केन्द्र (DEOC) सुदृढीकरण गरिएको ।
- चौविसै घण्टा सेवा उपलब्ध हुने गरी विपद्को समयमा टोलि परिचालन गर्नका लागि जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रको स्थापना गरिएको छ । आपतकालिन कार्यसञ्चालन केन्द्रबाट चुस्त दुरुस्त र प्रभावकारी रुपमा सेवा प्रवाह गराउनको लागि केन्द्रको नियमित सुदृढिकरण समेत गरिएको छ ।
- उल्लेखित संचार साधनहरुको हेण्डलिङ्ग गर्नको लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बल बाट संचार उपकरण तथा कम्प्युटर सम्बन्धी तालिम प्राप्त जनशक्तिहरु परिचालन भई काम कार्य भइरहेको ।

ख. विपद्का विभिन्न घटनाहरुबाट पीडित भएकाहरुलाई राहत वितरण

जिल्ला भित्रका विभिन्न स्थानहरुमा बाढी आगलागी जस्ता विपद् का घट्नाहरुबाट भौतिक तथा पहिरो मानवीय क्षती भएका परिवारहरुलाई जिल्ला प्रशासन कार्यालयबाट रु २०,७५,०००।– राहात प्रदान गरिएको छ भने प्रकृति अनुसार र घटनाको अवस्था हेरी आन्तरिक मामिला तथा कानुन मन्त्रालय लुम्विनी प्रदेशमा सिफारिस गरिएको ।

**ग. अभ्यास हातेमालो -५**

मनसुनको समयमा सम्भावितबाढि पहिरो डुवान जस्ता परिदृष्यमा आधारित भै लुम्बिनी प्रदेश सरकारको नेतृत्वमा सञ्चालन भएको कार्यक्रम अन्तरगत यस जिल्लामा जिल्लास्तरिय कार्यक्रम अभ्यास हातेमालो ५ मिति २०८०गते सम्म संचालन गरियो । २२देखि १८/०३/यसका केही झलकहरु

हरि प्रसाद गैरे
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुल्मी








हरि प्रसाद गैरे
सहायक प्रमुख जिल्ला अधिकारी

## विपद्का घटनामा आधारित भै कृत्रिम घटना अभ्यास कार्यक्रम

विपद्को समयमा गरिने खोज उद्दारको कार्यकलाई प्रभावकारी गराउन, सुरक्षा निकायहरुमा [illegible] सामग्री कार्यलाई तयारी अवस्थामा राख्न जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यायल, सशस्त्र प्रहरी बल नं . हेक्वा गुल्मी ३७, संग्राम शार्दुल गुल्मको सहकार्यमा नदि डुवान, सडक दुर्घटना जस्ता घटनामा आधारित भै कृत्रिम अभ्यास कार्यक्रमहरु सम्पन्न गरिएको थियो ।





📖 समाप्त 📖